प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०९/१८*

## अल्लो उद्योग गर्ने उद्यमीहरुलाई प्याकेजमा अनुदान दिने सम्बन्धी सूचना ।

यस कार्यालयको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लाको संभाव्यता र विशिष्टताको आधारमा वस्तुहरुको पहिचान गरी स्तरोन्नती आवश्यक रहेका पुथा उत्तरगंगा गाउँपालिकाका अल्लो उद्योग तथा उद्यमीहरुलाई प्याकेजमा अनुदान अन्तर्गत औद्योगिक सचेतना कार्यक्रम/उद्यमशिलता विकास तालिम संचालन गरी मागका आधारमा उद्यमीहरुलाई प्रविधि सहयोग वा संरचना निर्माण वा सिप विकास तालिम वा उद्योगको संचालन स्थालको घरभाडा मध्ये कुनै एकमा स्वीकृत बजेट र मुल्याङ्कनका आधारमा अनुदान दिने कार्यक्रम भएकाले उक्त कार्यक्रममा सहभागी हुन चाहने पुथा उत्तरगंगा गाउँपालिका भित्रका इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपशिल बमोजिमको कागजातहरु सहित कार्यालयले तोकेको ढाँचामा फारम भरी पुथा उत्तरगंगा गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

*तपशिलः*

- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
- उद्योग दर्ता र नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN/VAT) दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
- आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
- अनुभव तथा तालिम गरेको भए सोको प्रमाण-पत्रको प्रतिलिपि ।
- फारम पाइने स्थानः पुथा उत्तरगंगा गाउँपालिकाको कार्यालय, रुकुम पूर्व ।

*द्रष्टव्यः*

- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- प्राप्त निवेदन प्रस्ताव जिल्लास्थित मूल्याङ्कन समितिद्वारा ऐन, नियम एवं कार्यविधिका आधारमा मुल्याङ्कन गरी उक्त कार्यक्रमका लागि सहभागी छनौट गरिन्छ।
- मुल्याङ्कन गर्दा कम्तिमा ५० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्यमीहरुलाई मात्र छनौट गरिन्छ ।
- प्रविधिमा सहयोग, संरचना निर्माण तथा उद्योगको संचालन स्थालको घरभाडामा सहयोग गर्दा लागतको ८०% कार्यालयले र २०% उद्यमीले व्यहोर्नु पर्ने छ।
- थप जानकारीका कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः-९८५७८४२११३ म सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)